## गाउँसभाको १३औ अधिवेशनको बैठकमा सुनापति गाउँपालिका उपाध्यक्ष श्री गिता विष्ट ज्यू द्धारा प्रस्तुत आर्थिक २०८०/८१ को नीति तथा कार्यक्रम

**आदरणीय गाउँसभासदस्य ज्यूहरु,**

१. सुनापतिगाउँपालिकाको गाउँसभामा आ २०.व.८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु । यस क्षणमा इतिहासका विभिन्न कालखण्डमा भएका ,आन्दोलन , शसस्त्र संघर्ष ,जनयुद्ध र जनआन्दोलनकोक्रममा राष्ट्रका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात महान् शहीदहरुप्रतिभावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । संघीय लोकतान्त्रिक गणतान्त्रात्मक नेपाल निर्माण सम्मको चरणमा आइपु ग्दा घाइते तथा वेपत्ता पारिएका व्यक्ति ,शहिद परिवार प्रति आजको यस सभा मार्फत गहिरो दुःख र सहानुभूति व्यक्त गर्न चाहान्छु । मुलुकको राजनीतिक ,आर्थिक एवं सामाजिक परिवर्तनमा युगान्तकारी रुपमा नेतृत्वदायी भूमिका खेल्नु हुने अग्रज नेताहरुप्रति हार्दिक सम्मान प्रकट गर्न चाहान्छु। साथै सुनापति गाउँपालिकाको उपाध्यक्षको हैसियतले आम नागरिकले मलाई प्रदानगर्नु भएको जिम्मेवारीमा हरक्षण निष्ठापुर्वक कर्तव्य पालनामा लागिरहने प्रतिवद्धता व्यक्त गर्दछु।

२. नेपालको राष्ट्रिय हित,आर्थिक, सामाजिक न्याय सहितको लोकतन्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद प्रति प्रतिबद्ध रहँदै समुन्नत सङ्घीय शासन प्रणालीको माध्यमबाट "**समृद्ध र सुखि सुनापति कृषि पर्यटन हाम्रो सम्पति** : भन्नेमुल नारालाई सार्थक बनाउन गाउँपालिकाको यस नीति तथा कार्यक्रमले सहयोग पुग्ने विश्वास लिइको छु । यस अवसरमा आजको नीति तथा कार्यक्रमका साथै सुनापति गाउँपालिकाले प्रस्तुत गर्ने विनियोजन ऐनको आधारशिलाका रुपमा रहेका आमनागरिक र करदातालाई धन्यवाद व्यक्त गर्दछु।

३. नेपालको संविधान, संघिय सरकार र प्रदेश सरकारले परिलक्षित गरेको विषयहरु, दिगो विकासका लक्ष्य, चुनावी घोषणा पत्र, राजनीतिक दल तथा सरोकारवालहरुबाट प्राप्त सल्लाह सुझावहरु समेतलाई आधारमानी सुनापति गाउँपालिकाले यो नीति तथा कार्यक्रम तर्जुमा गरेकोछ ।

४. वेलावखतमा हुने महामारीजन्य रोगको प्रकोपलाई नियन्त्रण र रोकथामको लागि आईसोलेसनका साथै औषधीजन्य सामग्रीहरुको समुचित व्यवस्था मिलाईनेछ। कोभिड १९ विरुद्धको खोप लगाउन छुटेका नागरिकहरुको पहिचान गरि कोभिड-१९ रोग विरुद्धको खोप पूर्ण मात्रामा सबै नागरिकमा लगाउने व्यवस्था गरिनेछ भने अन्य महामारीजन्य रोगको समेत नियन्त्रणका लागि उचित प्रबन्ध मिलाइनेछ ।

५. देशभर पशुहरुमा देखिएको लम्प्की स्किन नामक रोगको नियन्त्रणका लागि आवश्यक व्यवस्था गरिनेछ। साथै आपतकालिन रुपमा आइपर्ने प्रकोप व्यवस्थापनको लागि प्राथमिक कार्य सुनापति गाउँपालिकाबाटै र जटिल स्थिति उत्पन्न भए अन्य सरकारहरुको सहयोगमा क्षति न्युनीकरणको प्रबन्ध मिलाइनेछ।

६. गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नकालागि भौतिक पूर्वाधार तथा आवश्यक औषधी औजार ,, उपकरण , स्वास्थ्यकर्मीलाई तालिम र रेफरलकोषको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

७. स्वास्थ्य संस्थामा सुरक्षित प्रसुति सेवालाई गुणस्तरिय र शतप्रतिशत संस्थागत सुत्केरी गराउनका लागि गर्भवतीलाई गर्भवती जाँच ,पौष्टिक आहारका लागि प्रोत्साहन भत्ताको व्यवस्था तथा संस्थागत प्रसुति हुनेलाई निशुल्क एम्बुलेन्स उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

८. महिला स्वास्थ्य स्वयंसेकाको आर्थिक उपार्जनमा सहयोग गर्न एक वडामा नमुना रुपमा महिला स्वास्थ्यस्वयंसेविका आर्थिक उपार्जन कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ।

९. सुनापति गाउँपालिकाको केन्द्र हिलेदेवीमा बन्दै गरेको १० शैयाको अस्पताल निर्माण कार्य सिघ्र सम्पन्न गरी यसै वर्षबाट ल्याव, एक्सरे र फार्मेसी सहितकोविशेषज्ञ सेवा सञ्चालनमा ल्याउने व्यवस्था गरिनेछ ।

१०. गाउँपालिकाभित्र रहेका सबै स्वास्थ्य संस्थाबाट तोकिए बमोजिमको निशुल्क स्वास्थ्य सेवाहरु प्रदान गर्ने दीर्घकालीन नीतिलाई निरन्तरता दिईनेछ ।

११. समुदायमा सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गर्नका लागि भौगोलिक विकटता भएका स्थानहरुमा सञ्चालित गाउँघर क्लिनिकलाई सामुदायिक स्वास्थ्य ईकाई र सामुदायिक स्वास्थ्य ईकाइलाई स्वास्थ्य चौकीमा रुपान्तरण गर्न आवश्यक पूर्वाधार सहितको व्यवस्था गरी स्वास्थ्य सेवा सञ्चालन गर्ने नीति लिईने छ।

१२. सामुदायिक स्वास्थ्य इकाईहरुको भवन निर्माण गरि गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराईने छ ।

१३. गर्भवतीलाई निशुल्क भिडियो एक्सरे सेवा ,महिलामा पाठेघर क्यान्सरको निशुल्क परिक्षण नि,दान र उपचारलाई निरन्तरता दिईनेछ ।

१४. आकस्मिक स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन आवश्यक एम्बुलेन्सको व्यवस्था गरिनेछ। साथै माग तथा आवश्यकताको आधारमा शववाहन सेवा संचालन थप व्यवस्थीत गरी सेवालाई निरन्तरता दिईने छ।

१५. गाउँपालिकाको हरेक वडामा विशेषज्ञ सहितको स्वास्थ्य शिविर संचालन गरिनेछ।

१६. सर्ने तथा नसर्ने रोग रोकथामका लागि सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

१७. शशर्त अनुदानबाट प्राप्त भएको स्वास्थ्य क्षेत्रका कार्यक्रमहरु कार्यतालिका बनाई कार्यान्वयन गरिनेछ ।

१८. मुटु,मृगौलाक्यानसर जस्ता गम्भीर रोगीहरुलाई पालिकाले दिंदै आएको सहयोगलाई निरन्तरता दिईनेछ । ,

१९. पालिकाभित्रका स्वास्थ्य संस्थाहरुको अभिलेख र प्रतिवेदन कार्यलाई व्यवस्थित गर्न डिजिटल स्वास्थ्य सूचना प्रणाली लाई थप प्रवर्धन गरि निरन्तर्रता दिइनेछ।

२०. नागरिक आरोग्य केन्द्रको पूर्वाधार विकास गरि कार्यरत कर्मचारी व्यवस्थापनको लागि उचित प्रबन्ध मिलाईनेछ।

२१. स्वास्थ्य चौकीमा चौविसैघण्टा प्रसुती सेवा उपलब्ध गराउन सबै वडाका स्वास्थ्य चौकी अन्तर्गतको बर्थिङ्ग सेण्टर प्रसूती सेवालाई प्रभावकारी रुपमा संचालन गरिने व्यवस्था मिलाईने छ।

२२. मानसिक स्वास्थ्य लाई साझा समस्याको रुपमा पैरवी गर्न पालिका स्थरीय अभिमुखीकरण (सामाजिक स्वास्थ्य) गरी पूर्नस्थापना र मानसिक उपचार कोष व्यवस्था गरिनेछ।

२३. MBBS डाक्टरसहितको Telemedicine/community medicineको व्यवस्था मिलाइनेछ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

२४. सबै पालिकावासीलाई देशभक्त, अत्मविश्वासी, सीपयुक्त, उद्यमशिल, योग्य, सुसंस्कृत सभ्य र भविश्य प्रति आशावान बनाउने शिक्षा नीति अवलम्वन गरिनेछ ।

२५. शिक्षालाई सिपसँग आबद्ध गराई रोजगार मुलक शिक्षा नीति अवलम्बन गरी एक विद्यलय एक उद्यम कार्यक्रम सञ्चालनमा जोडदिईनेछ।

२६. विद्यालय कर्मचारी लेखापाल र बाल सहजकर्तालाई सङ्घीय सरकारले तोके वमोजिमको सेवा सुविधा उपलब्ध , गराई कर्मचारीको मनोबल उच्च राखी गणस्तरीय शिक्षा प्रणालीलाई जोड दिइनेछ।

२७. विद्यार्थी संख्या विषयगत आधार र ,सिकाई उपलब्धी ,भौगोलिक दुरीका आधारमा शिक्षक दरवन्दी मिलान ,सरुवा , विद्यालय मर्ज तथा कर्मचारीको व्यवस्थापन कार्यलाई निरन्तरता दिईनेछ ।

२८. सुनापति गाउँपालिकालाई वाल मैत्रि स्थानीय शासन लागु भएको गाउँपालिकाको विकास गरि वाल मैत्रि स्थानीय शासन युक्त स्थानीय तहको रुपमा आगामि ३ वर्ष भित्र स्थापित गरिनेछ।

२९. विद्यार्थीको प्रतिभा पहिचान गरी अतिरिक्त क्रियाकलापको विभिन्न शिर्षकमा पालिकास्तरीय प्रतिस्पर्धा गराई पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ।

३०. सामुदायिक विद्यालयहरुको मापदण्ड तोकि व्यवस्थापन गर्ने नीति लिइनेछ। साथै विद्यार्थीको विद्यालय छोड्ने दर घटाई नियमितता अभिवृद्धि गर्न आवासीय विद्यालयको सुरुवात गरिनेछ।

३१. उत्कृष्ट विद्यालय, विद्यार्थीर शिक्षकपुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ।

३२. शिक्षक, कर्मचारी तथा संचालक समितिको क्षमता विकास गर्न तालिम सञ्चालन गरिने छ। शिक्षासँग सम्वन्धित सरकारी गैह्रसरकारी संघ संस्था सँग समन्वय तथा सहकार्य गरी विभिन्न लागत साझेदारी कार्यक्रम संचालन/ गरिनेछ।

३३. "**सुनापतिको इच्छासमृद्धिको लागि, प्राविधिक शिक्षा** " भन्ने नाराका साथ प्राविधिक शिक्षा संचालन भईरहेका विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ।

३४. विद्यालयमा दक्ष अनुभवी तथा ,वरिष्ठतम शिक्षकलाई प्रधानध्यापक व्यवस्थापनको लागि शिक्षा ऐन नियामावली अनुसार कार्यसम्पादन करार सम्झौता गरी क्रमश नेतृत्व :प्रदान गरिनेछ।

३५. विद्यालयको शैक्षिक सुधारका लागि स्वःमुल्याङकन घोषणा कार्यक्रम संचालन गरिनेछ।

३६. सुनापति गाउँपालिकाभित्रका साहित्य, कला तथा प्रभावशालि व्यक्तिहरुको क्षमता अभिवृद्धि गर्न सुनापति प्रज्ञा प्रतिष्ठान मार्फत गाउँपालिकाका गतिविधि एकिकृत रुपमा संचालन गरिनेछ।

३७. **एक विद्यालय एक नर्स**कार्यक्रमलाई विस्तार गर्न सम्वन्धीत निकायमा समन्वय गरी कार्यान्वयन गरिनेछ।

३८. विद्यालयहरु बीच अनुभव आदान प्रदान गरी शिक्षालाई गुणस्तरीय बनाउन वडा स्तरीय एवम् पालिका स्तरीय रूपमा एकीकृत परीक्षा प्रणाली लागू गर्ने नीति लिईनेछ।

३९. विद्यालयहरुबीच अनुभव आदान प्रदन गरी शैक्षिक सुधार गर्नको निम्ती शैक्षिक भ्रमणको व्यवस्था गरिनेछ।

४०. सूचना प्रविधि मैत्री बनाउन प्रत्येक विद्यालयको कम्तीमा एक जना शिक्षकलाई सूचना प्रविधि तालिम दिने व्यवस्था मिलाईने छ।

४१. शिक्षामा गुणस्तर सुधारको लागि बालबिकास सहयोगी एवम् मन्टेस्वरी तालिम सञ्चालन गरिनेछ।

४२. यस पालिकाको शैक्षिक विकासको लागि सामाजिक परिचालन र युवा परिचालन द्धारा सामुदायिक विद्यालयहरुमा समावेशी तथा गुणस्तरीय शिक्षा प्रवर्धन परियोजनासँग सहकार्य गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४३. सुनापतिको भाषा सँस्कृतिको संरक्षण र ,धर्म , प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ।

४४. सुनापतिको विभिन्न जातजातीहरुको मातृ भाषालाई संरक्षण र प्रवद्धन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

४५. सुनापति प्रज्ञा प्रतिष्ठानलाई व्यवस्थित रुपमा अगाडि बढाइने नीति लाई निरन्तरता दिईनेछ।

४६. राष्ट्रपति रनिङशिल्ड प्रतियोगितालाई थप व्यवस्थित बनाईनेछ।एक वडा एक खेल मैदान निर्माण कार्यक्रमलाई अगाडी बढाइने छ।साथै फुटसल कवर्डहल लगायतका खेलकुद पूर्वाधार निर्माण गर्ने कार्यलाई निरन्तरता दिइ , स्वास्थ्यकालागि खेलकुद भन्ने सोचलाई सार्थक बनाइने छ।सुनापति गाउँपालिका भित्रका खेलाडीहरुलाई सूचीकरण गर्ने नीति लिईनेछ ।

४७. खेल प्रशिक्षकलाई प्रत्येक विद्यालयमा पुग्ने गरी कार्यतालिका बनाई प्रभावकारी ढङ्गले परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

४८. कृषि इन्जिनियरिङ्ग पशु तथा अन्य विषयमा प्राविधिक कक्षा सञ्चालन गर्न पालिका भित्रका कम्तिमा २ विद्यालयलाई सम्बन्धनका लागि सहजिकरण गरिनेछ

४९. शैक्षिक गुणस्तर वृद्धिका लागि गुरु योजना बनाउने र शैक्षिक पर्यटन हव निर्माणके नीति लिईनेछ ।

५०. उपलब्धी र नतिजाको आधारमा शिक्षकलाई प्रोत्साहन स्वरुप पुरस्कार वा दण्डको व्यवस्था गरिनेछ ।

५१. गाउँपालिका भित्रका त्रैमासिक परीक्षाहरुमा सर्वोकृष्ट ग्रेड ल्याउने विद्यार्थीहरुलाई प्रोत्साहन स्वरुप पुरुस्कार प्रदान गरिनेछ ।

५२. कृषित्रकारिता तथा प्राविधिक शिक्षा अध्ययनको लागि विशेष अनुदानको व्यवस्था गरिनेछ। ,स्वास्थ्य ,

५३. डहु मावि जस्तै अन्य विद्यालयको गुणस्तर बृद्धि गर्न आवासीय तथा शिक्षक क्षमता विकास सम्बन्धी कार्य गर्ने व्यवस्था मिलाईनेछ।

५४. एक वडा एक आवासीय विद्यालयको अवधारणा बनाइ कार्यक्रम कार्यान्वयन गरिनेछ ।

५५. पालिका भित्र Teacher Bank स्थापना गरिनेछ ।

५६. पाचँ वर्ष भित्र एक वडा एक विद्यालयलाई नमुना विद्यालयको रुपमा विकास गरिनेछ ।

५७. न्युन शिक्षक भएका विद्यालयलाई स्वयमं सेवक शिक्षकको व्यवस्था गर्ने प्रवन्ध मिलाईनेछ।

५८. पालिकाको समग्र शिक्षाको विकास गर्न विज्ञ सहितको कार्यदल गठन गरि कार्य अगाडी बढाईनेछ ।

५९. शिक्षण सिकाईलाई प्रविधिमैत्रि बनाइनेछ ।

६०. शैक्षिक गुणस्तरको सुधारको लागि थालनी कक्षा १ बाट गरौं भन्ने मुल नारालाई लागु गरिनेछ ।

६१. भन्ने नारालाई आत्मसाथ गर्दै सुनापतिलाई " गुणस्तरीय र प्राविधिक शिक्षा , सुनापति गाउँपालिकाको इच्छा" शैक्षिक हवको रुपमा विकास गरिनेछ।

६२. पेशागत विकासका लागि शिक्षकहरुले कुनै राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरको सेमिनार वा वर्कसपमा भाग लिने अवसर प्रदान गरिनेछ ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु**

६३. सुनापति गाउँपालिकामा कृषिको दिगो सन्तुलित र व्यवस्थित विकासका लागि कृषि तथा पशुपक्षीं , तथ्यांकअध्यावधिक गरिनेछ। कृषकको वर्गीकरण रपहिचान गरी कृषि पेशाको सम्मान गर्दै व्यावसायिक कृषि सेवा प्रदान गरिनेछ। निर्वाहमुखी खेती प्रणालीलाई व्यावसायिक खेति प्रणालीमा रुपान्तरण गरिनेछ।स्थानीय मौलिक ज्ञानको संरक्षण र सम्वर्द्धन गरी कृषकलाई अर्गानिक खेतीतर्फ आकर्षित गरिनेछ।

६४. चियाको प्रशोधन उद्योग स्थापना गरि सञ्चालनमा ल्याईने छ । च्याउ खेतिलाई थप विस्तार र प्रवर्द्धन गरिदै लैजानेछ ।

६५. पशुजन्य पदार्थहरुको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न तथा उत्पादन लागत न्यूनीकरण गर्न प्रविधिको प्रयोग , फार्म सुधार र यान्त्रीकीकरणलाई जोड दिइनुका साथै पशुहरुको नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई अभियानकै रुपमा सञ्चालन गरि निरन्तरता प्रदान गरिनेछ ।

६६. सुनापति गाउँपालिकाका कृषकहरुलाई स्थानिय स्तरमै पशु तथा कृषि सम्बन्धि सेवा सर्व सुलभ तवरले प्रदान गर्न एक वडा एक पशु तथा कृषि सेवा केन्द्र स्थापना भएको छ यसलाई थप व्यवस्थीत गरी सेवा प्रदान गरिनेछ ।

६७. **बाझो जमिनको प्रयोग उत्पादनमा सहयोग"** कार्यक्रमलाई निरन्तरता दिइनेछ।बाँजो जमिन राख्ने प्रचलनलाई अन्त्य गरी सामुहिक ब्लक खेती र पशुपालनको कार्यलाई प्रथमिकता दिई सुनापति गाउँपालिकालाई बाख्रा तथा भैसी पकेट क्षेत्र घोषणा गरी कार्यान्वयन गरिनेछ ।

६८. विदेशबाट फर्किएका युवाका लागि कृषिमा प्रोत्साहनका उपायहरु अवलम्बन गरी वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको सीप ज्ञान र पुँजीलाई स्वदेशमानै लगानी गरी केही गर्न चाहने युवाहरुलाई पुनः एकीकरण कार्यक्रम मार्फत सहयोग गरि यस कार्यक्रमलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरी पुनःविदेश जानुपर्ने वाध्यतालाई न्यनिकरण गरिनेछ।

६९. वैदेशिक रोजगारीमा गएका परिवारका सदस्यहरुलाई सामी कार्यक्रम मार्फत वित्तिय साक्षरता प्रदान गरि उनीहरुले प्राप्त गरेको विप्रेषणलाई सदुपयोग गर्न प्रोत्साहन गरिनेछ । र आवश्यक परेको अवस्थामा मनोसामाजिक परामर्श प्रदान गरिनेछ ।

७०. बिऊ तथा विरुवा वितरण सिस्नो ,अदुवा खेती ,अम्रिसो खेती ,चियाखेती विस्तार कार्यक्रम ,प्राङगारिक खेती प्रवर्धन , फुल खेतीका साथ साथै ,खेती मो रीपालन कार्यक्रमलाई अनुदान कृषि पेशामा लाग्न प्रोत्साहन गरिने नीति अवलम्बन गरिनेछ।

७१. सुनापति गाउँपालिकाभित्रका किसानहरुको सूचीकरण कार्यलाई निरन्तरता दिई वास्तविक किसानहरुको सूची तयार गरी अनुदान प्रणालीलाई व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

७२. सुनापति गाउँपालिकामा कृषिको दिगो सन्तुलित र व्यवस्थित विकासका लागि कृषि तथा पशुपक्षीं तथ्यांक , अध्यावधिक गरिनेछ। कृषकको वर्गीकरण रपहिचान गरी कृषि पेशाको सम्मान गर्दै व्यावसायिक कृषि सेवा प्रदान गरिनेछ। निर्वाहमुखी खेती प्रणालीलाई व्यावसायिक खेति प्रणालीमा रुपान्तरण गरिनेछ।स्थानीय मौलिक ज्ञानको संरक्षण र सम्वर्द्धन गरी कृषकलाई अर्गानिक खेतीतर्फ आकर्षित गरिनेछ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु**

७३. सामुदायिक पूर्वाधार विकास निर्माण र मर्मतको क्षेत्रमा रोजगारी सृजना गरि सूचीकृत भएका बेरोजगार मध्ये कम्तीमा १०० जना बेरोजगार व्यक्तिहरुलाई रोजगार प्रदान गरिने छ ।

७४. बेरोजगार जनशक्तिको योग्यता, क्षमता र सीप समेत उल्लेख हुने गरी तथ्यांक अध्यावधिक गरिनेछ।

७५. थाङ्का तथा गलौचा उद्योग स्थापनार्थ पुजिँ , प्रविधि र जनशक्तिको परिचालन गरी थाङ्का हवको रुपमा सुनापतिलाई विकास गर्ने स्थानीय स्तरमा रोजागारी सृजना गरिनेछ।

७६. पालिका भित्रका सबै वडाहरुमा थ्रि फेज विद्युत विस्तार गरी विद्युतिय चुलो प्रयोगमा जोड दिई एल . पि. जि. ग्यासको प्रयोगलाई न्यूनिकरण गर्नआवश्यक समन्वय गरिनेछ।

७७. चिसोको नाममा आयातित हुने पेय पदार्थहरुको प्रयोगलाई निरुत्साहन गर्दै स्थानीय स्तरमा उपलब्ध हुने फलफुलको जुस लगायत डेरी उद्योगको स्थापना गरी दुधजन्य खानेकुराहरुलाई ,जाम , प्रोत्साहन गरिनेछ ।

७८. लघु उद्यम विकास कार्यक्रम अन्तरगत उत्पादन भएका उद्यमीहरुलाई समेटेरसावुन , धुप जाम,जुस, जुत्ता ,तथा मसला उत्पादनका घरेलु उद्योगको स्थापना गरि सञ्चालन गरिने छ ।

७९. स्थानीय स्तरमानै गुणस्तरीय स्वास्थ्य, शिक्षाको व्यवस्था र रोजगारीको अवसर सृजना गरी शहर केन्द्रित वसाईसराई न्यूनीकरण गरिनेछ ।

८०. **"श्रमको सम्मान ,सुनापतिको अभियान"** कार्यक्रमलाई जनचेतनामुलक, सचेतना अभिवृद्धि लगायतका कृयाकलापहरु लाई श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम संगसंगै गाउँपालिकाले शसक्तढङ्गले अघि बढाउने छ ।

८१. गाउँपालिकाले सञ्चालन गरेको कार्यक्रमहरुको बारेमा नागरिकहरुलाई जानकारी दिन वार्षिक रुपमा कम्तीमा २ पटक सार्वजनिक सुनुवाई सञ्चालन गरिनेछ ।

८२. बेरोजगार व्यक्तिहरुले आफुसँग भएको सोच, सीप र अनुभवका आधारमा स्वरोजगार हुन चाहेमा आवश्यक पर्ने सीप तथा उद्यमशीलता अभिवृद्धि गर्न विशेष उद्यमशीलता तालिम प्रदान गरिनेछ ।

८३. निजी, सरकारी र गैर सरकारी क्षेत्रसँग समन्वय र सहकार्य गरी ती क्षेत्रहरुमा थप रोजगारीका अवसर सृजना गरिनेछ ।

८४. बाढी, पहिरो, भु क्षय जस्ता प्राकृतिक प्रकोपजन्य विपद व्यवस्थापन –उद्वार तथा पुनःस्थापना सहयोग पुर्याउने कार्यहरुमा सुचिकृत बेरोजगारलाई प्राथमिकता दिई परिचालन गरिनेछ ।

८५. सुनापति गाउँपालिका कार्यक्षेत्र भएको लघुवित्त वित्तिय संस्थाहरु संग समन्वय गरि गाउँपालिकाले तयार गरेको उद्यमीहरुलाई विउपुँजीको लागि सरल कर्जा उपलब्ध गराउन सहजीकरण गरिनेछ ।

८६. गाउँपालिका भित्र रहेको खानीहरुको अध्ययन अनुसन्धान कार्यलाई अगाडी बढाईने छ ।

८७. मूल्य शृङ्खला अवधारणामा आधारित भएर लघु उद्यम तथा उद्यमीहरूलाई प्रश्रय दिंदै नीति कार्यान्वयनकर्ता र अनुगमन गर्ने निकायहरूको सुदृढीकरण गर्दै लघु उद्यमहरूको स्तरोन्नति गरिनेछ ।

८८. सुनापति गाउँपालिका भित्र दर्ता तथा सूचीकरण भई व्यावसाय सञ्चालन गरि रहेको व्यावासायीहरुलाई संयोजन गरि गाउँपालिका स्तरीय उद्योग वाणिज्य संघ निर्माण गरिनेछ ।

८९. स्थापना भएर दर्ता नभई संचालनमा रहेका व्यावसायहरुलाई दर्ता गराई नियमानुसार संचालन गर्न प्रोत्साहन गरिनेछ ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु**

९०. गुणस्तरहिन,म्याद गुज्रेको तथा बढी मूल्य लिई सामान बिक्रीबितरण गर्ने उपर कानुनी कारवाही गरिने छ। यसको लागि चौमासिक रुपमा र ठुला चाडवाडमा बजार, उद्योग व्यवसायको अनुगमन प्रभावकारी रुपमा गरिने छ।

९१. श्रमिकको आवश्यकता र उपलब्धताको अनुसन्धान र अभिलेखिकरण गरि अदक्षतथा अर्धदक्ष श्रमिकहरुलाई आवश्यक तालिमको व्यवस्था मिलाईनेछ ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु**

९२. जङ्गलमा रहेका पुराना पोखरी पुन्ननिर्माण गरिनेछ । आवश्यक स्थानमा नयाँ पोखरी निर्माण गरी वर्षाको पानी संकलन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

९३. जलवायु परिवर्तनको असरलाई न्यूनिकरण गर्नको लागि स्थानीय स्तरमा काम गर्ने संघसंस्था संग सहकार्य गरिनेछ ।

९४. सामुदायिक,कवुलियती , धार्मिक तथानिजि वनको अभिलेख खडागरी वन अतिक्रमणहुन नदिन अनुगमन कार्यलाई प्रभावकारी तुल्याईनेछ ।

९५. सडक संरक्षण गर्न एवम् हरियाली सडक बनाउँन सडक किनारमा प्रकृतिक सौन्दर्य झल्काउनेमाटो सुहाउँदो विरुवा रोपण कार्यक्रम सञ्चालन गरिनेछ । विभिन्न दिवस तथा अवसरहरुमा वृक्षारोपण गर्ने परिपाटीको विकास गरीनेछ ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु**

९६. घटना दर्ता तथा सामाजिक सुरक्षाको दर्ता शत् प्रतिशत पुर्या उने लक्ष्य अनुरुपघटना दर्ता सप्ताह मनाईनेछ।

९७. कर्मचारी तथा जनप्रतिनिधिहरुलाई अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

९८. अनलाईन प्रणाली मार्फत व्यक्तिगत घटना दर्ता गर्नको लागी वडा कार्यालयहरुलाई थप व्यवस्थित गरिनेछ ।

९९. सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभ ग्राहीहरुलाई सहज सुविधायुक्त र सम्मानजनक तरिकाले प्रत्येक वडा वडा , बाटै भत्ता वितरण गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु**

१००. जोखिम तथा पारिवारिक हिंसामा परेका महिला ,बालबालिका, किशोर किशोरी ,अपाङ्ग,अनाथ, टुहुरा बालबालिका लगायत अभिभावक विहिन नागरिकको संरक्षण तथा क्षमता विकास गर्न सामुदायिक र निजी क्षेत्रलाई समेत परिचालन गरी कार्यक्रम निर्माण गरिनेछ।

१०१. बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा , छुवाछुत तथा दाइजो प्रथा बालश्रम ,,मानव बेचविखनबोक्सी आरोप , जस्ता सामाजिक कुरीति र अन्धविश्वास अन्त्य गर्न गराउन सबै वडा कार्यालयहरुलाइ सक्रिय गराइ कार्यक्रम संचालन / गरिनेछ।

१०२. सरोकारवाला निकायसँग समन्वय गरी विद्यालय तथा अन्य निकायमा अपाङ्गमैत्री तथा वालमैत्री पूर्वाधार निर्माणलाई अनिवार्य बनाइनेछ।

१०३. अन्तराष्ट्रिय रुपमा मनाउँदै आइएका नारी दिवसलगायतका विभिन्न दिवसिय कार्यक्रमहरुप्रभावकारी रुपमा संचालन गरिनेछ।

१०४. प्रत्येक वडामा रहेका सहकारीहरुको थप संस्थागत विकासका लागि विभिन्न कार्यक्रम संचालनगरीअनुगमनलाई विशेष जोड दिइनेछ।

१०५. "**वालवालिका भविश्यको कर्णधार मात्र हैनन् वर्तमानका साझेदार पनिहुन्**भन्ने " नारालाई कार्यान्वयनमा ल्याई बालक्लब मार्फत बालबालिका लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१०६.**सुनापति गाउँपालिकाको सरोकार महिल"पुरुष समान"अधिकार र अवसर** भन्ने कार्यक्रमलाई निरन्तरता दिई लैङ्गिक समानता समावेशीकरण तथा सामाजिक न्यायको सुनिश्चितता दिने कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

१०७. **गाउँपालिका लाईवाल विवाह मुक्त वनाउन"**वालविवाह विरुद्ध सचेतना कार्यक्रमलाई निरन्तरता दिइ कार्यक्रम सञ्चालन गरिनेछ।

१०८. यस पालिका भित्र बसोबास गर्ने एकल पुरुषलाई प्रदान गरिने एकल पुरुष भत्ता वितरण निरन्तरता दिई ५० वर्ष सम्म विवाहा नगरि आफ्नो जन्म घर बसेका बृद्धा कन्या भत्ता समेतकोव्यवस्था लाई निरन्तरता दिईनेछ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु**

१०९. न्यायिक समिति मेलमिलाप केन्द्र संचालन र व्यवस्थापन गरिनेछ ।

११०. पालिका तथा वस्तीस्तरमा न्याय सम्बन्धि जनचेतनामूलक कार्यक्रमहरुलाई नियमित गरिनेछ।

१११. प्रत्येक विद्यालयहरुमा न्याय सम्बन्धि कार्यक्रम गरिने व्यवस्था मिलाइने छ ।

११२. न्यायिक समितिका पदाधिकारी मेलमिलाप कर्ताहरुलाई सम्बन्धीत विषयको बिज्ञ ल्याई तालिमको व्यवस्था / गरिनेछ ।

११३. मेलमिलाप केन्द्रहरुको अनुगमन गर्ने कार्यलाइ प्रभावकारी बनाइनेछ ।

११४. गरिबी , असहाय तथा पिछडिएका व्यक्तिहरुका लागी निशुल्क कानुनी परामर्श तथा सहयोग उपलब्ध गराईनेछ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु**

११५. गाउँपालिकाको कर प्रशासनलाई करदातामैत्री बनाउन सोसँग सम्बन्धित क्षेत्रसँग विगतमा जस्तै आवश्यक समन्वय गरी करदाता कार्यक्रम सञ्चालन गरिनेछ।

११६. चालु आ.व २०७९/०८० देखि घरबहाल कर संकलन कार्यलाई सक्रिय रुपमा अघि ब ढाइएकोमा त्यसलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

११७. कर प्रणालीलाई समसामयिक सुधार गरी कार्यान्वयनमा ल्याइनेछ।

११८. पर्यटन क्षेत्रबाट हुने आम्दानीको सम्भाव्यता अधिक भएकोले उक्त क्षेत्रलाई प्राथमिकता दिईनेछ ।

११९. कर संकलन कार्य प्रभावकारी बनाउन प्रयोग गरीएको सूचना प्रविधि मैत्री नीति अवलम्बन गरी अनलाईन प्रणालीलाई निरन्तरता दिईने छ।

१२०. बढी कर उठाउने वडा र करदातालाई सम्मान गरिनेछ ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु**

१२१. सुनापति गाउँपालिका भरी एक वडा एक नमुना कार्यक्रम प्राथमिकताको आधारमा सबै वडाहरुमा क्रमागत र चक्रिय रुपले १ करोड देखि २ करोड सम्मको नमुना योजना सञ्चालन गरिनेछ ।

१२२. लुभु,खनियपानी, कटुञ्जे,भ्वाँसा,वगैचा,डहु मा.वि.,वेथान, सादी,सक्षम चौतारा हुदै गाल्पा सडक कालोपत्रे गर्ने योजना यथासिघ्र कार्यान्वयन ल्याउनको लागि ए.डि.वी र भौतिक पुर्वाधार विकास कार्यालय संग आवश्यक समन्वय गरि पहल गरिनेछ ।

१२३. गाउँपालिकाबाट प्रत्येक वडाको मुख्य सडकको गाउँ यातायात गुरु योजना अन्तर्गत डिपीआर तयार भएका सडकहरुको स्तरोन्नतीको लागि जोड दिइ सुनापति चक्रपथ निर्माणको थालनी गरीनेछ ।

१२४. सडक बत्ती आवश्यक भएका स्थानहरुको पहिचान गरि **"उज्यालो सडक"** कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ। वैकल्पिक ऊर्जाको उपयोग गरी पालिका कार्यालय वरिपरि आवश्यक स्थानहरुमा सडक बत्ति जडान गरिनेछ।

१२५. गाउँपालिकाको भौतिक पूर्वाधारलाई प्रविधिमैत्री, वालमैत्री, वातावरणमैत्री तथा अपांङ्गमैत्रीसहित विकास र विस्तार गर्दै लगिनेछ साथै प्रविधिमैत्री,वालमैत्री,वातावरण मैत्री तथा अपांङ्गमैत्री पालिका घोषणा को लागि यस वर्ष प्रारम्भिक कार्यहरु गरिनेछ।

१२६. गाउँपालिकाको स्थायी भवन निर्माण गर्न केहि जग्गा प्राप्त भएको प्रयाप्त जग्गाको सुनिश्चता संगै , थप पुर्वाधारहरु निर्माण कार्य प्रारम्भ गरिनेछ।

१२७. समय सिमाभित्र उत्कृष्ट कार्य गरी कार्य सम्पन्न गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गरिनेछ।

१२८. वेरुजु शुन्य गर्ने शाखालाई पुरस्कारको व्यवस्था गरीनेछ

१२९. सुकुमवासी पहिचान गरी जग्गा धनि प्रमाणपुर्जा परिचयपत्र वितरण गरिने प्रबन्ध मिलाइनेछ साथै भुमिहिनको लागि , आवास निर्माण गर्ने निति लिइनेछ भने अव्यवस्थीत बसोवासलाई व्यवस्थापन गर्ने नीति लिईनेछ ।

१३०. आकाशे पानी संकलन तथा रिजर्भ ट्याङ्की निर्माणलाई निरन्तरता दिइनेछ। पिउने पानीको शुद्धता परीक्षण गर्ने कार्यलाई नियमित तुल्याइनेछ।

१३१. सुनकोशी तेस्रो जलविद्युत आयोजनाको काम सिघ्र शुरुगर्न संघिय सरकार संग पहल गरिनेछ ।

१३२. सुनापतिमा विद्युतको नांगो तार विस्थापन गरी सम्भावित विद्युतिय दुर्घटना न्यूनीकरण गर्नुका साथै विद्युत अपुर्तिलाई सहज बनाउन विद्युत प्राधिकरण संग आवश्यक समन्वय गरिनेछ ।

१३३. **एक घर एक धारा** अभियान सञ्चालन गरी सुनापतिका प्रत्येक घरमा **एक घर एक धारा"** अनिवार्य हुने गरी स्वच्छ र नियमित खानेपानी आपुर्ति गर्ने कार्यक्रमलाई निरन्तरता दिई कार्यान्वयन गरिनेछ ।

१३४. आ.व. २०७९/०८० को गाउँपालिका गौररवको योजनाबाट वडा न. ४ मा संचालन भईरहेको कामाखोला चौरीखोला लिफ्ट खानेपानी योजना यसै वर्ष सम्पन्न गरी शुद्ध पिउने पानीको सहज आपुर्ती गरिनेछ ।

१३५. प्रदेश सरकार र संघीय सरकासँग आवश्यक समन्वय गरि पालिका भित्रका सबै मुख्यमुख्य- सडकहरु आगामी पाँच वर्ष भित्र कालोपत्रे योजनालाई प्राथमिकतामा राखिनेछ। र कालो पत्रे हुन वाकी सडकहरुलाई धुलो र हिलोरहित वनाउन व्यवस्थीत नाला निर्माण गरिनेछ ।

१३६. सुनापति १ गुन्सीमा पोखरी पार्क निर्माण गरी अर्चले चौर विद्यालय स्वास्थ्य चौकी नयाँ वडा कार्यालय सम्म सडक कालेपत्रे गर्ने कार्य गरिनेछ ।

१३७. वडा नं २ को वडा कार्यालय परिसरमा पार्क निर्माण गरि आसपासको सडक कालोपत्रे तथा ढलान गरिनेछ।

१३८. गाउँपालिकाको केन्द्र मानिएको सादीवजारमा बसपार्क निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ ।

१३९. दिनदिनै बढ्दै गएको वजारलाई ध्यानमा राखी वजारबाट उत्पन्न भएको फोहोर मैलाहरुलाई व्यवस्थापन गर्न सम्भावित क्षेत्र पहिचान गरी डम्फिङ साईड निर्माणको लागि प्रकृया अगाडी बढाईनेछ ।

१४०. सुनापित गाउँपालिकालाई पुर्ण सरसफाई गाउँपालिका निर्माण गरीनेछ ।

१४१. सुनापति गाउँपालिका भित्र हुने सम्भावित उद्यम, व्यावसाय र विकासका लागि लगानी कर्ता तथा दाता सम्लेन गरिनेछ ।

१४२. वन विनाश तथा डढेलो नियन्त्रण सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

१४३. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ ।

१४४. वन जंगलमा हुन सक्ने डडेलो नियन्त्रण तथा वन्यजन्तु संरक्षणको लागि सम्बन्धीत कार्यालय संग समन्वय गरि कार्य अगाडी बढाइनेछ ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु,**

१४५. बिषयगत समितिलाई सकृय बनाई समष्टिगत कार्यक्रम तर्जुमा मा सार्थक भुमिका खेल्ने गरि क्षमता विकास गरिनेछ।

१४६. संघ र प्रदेश सरकारबाट प्राप्त बजेट विषयगत क्षेत्र बमोजिम सन्तुलित रुपमा दक्षतापूर्वक बाँडफाडँ गर्ने परिपाटी बसालिनेछ ।

१४७. योजना छनौट गर्दा यथासम्भव आवधिक योजना वडाको माग , संघ र प्रदेशको मार्गदर्शन एवं विगतको अनुभव , , प्राथामिकता र नागरिकहरुको अपेक्षालाई मध्यनजर गरिनेछ ।

१४८. समपूरक कोषबाट सञ्चालन हुने कार्यक्रमलाई बहुबार्षिय बजेट विनियोजन गर्ने व्यवस्था मिलाईनेछ।यसले केन्द्र र प्रदेशबाट प्राप्त वजेट फिर्ता हुनबाट रोकिनेछ ।

१४९. उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजना र कार्यक्रमहरुमा महिलायुवा तथा अपाङ्गता भएका व्यक्तिहरुको , नेतृत्वदायी भूमिकालाई प्राथमिकता असल अभ्यासलाई निरन्तरता दिईनेछ।

१५०. उपभोक्ता समितीहरुलाई अभिमुखीकरण गोष्ठीको माध्यमबाट क्षमता विकासको अवसर प्रदान गरिनेछ जसले गर्दा योजना संञ्चालन र भुक्तानीलाई हैरानी मुक्त पार्न सहज हुने ।

१५१. योजनाको लागत इष्टिमेटसम , झौता र कायदिश यथासम्भव प्रथम चौमासिक अवधिमा गरिनेछ।

१५२. उपभोक्ता समितिको कार्यविधि पूर्ण कार्यान्वयन गरीस्रोतसाधनको दुरुपयोग हुनबाट रोक्न प्रभावकारी अनुगमन प्रणाली अवलम्बन गरिदै आएको कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

१५३. वडाहरुमा संचालित योजनाहरुको समन्वयसुपरिवेक्षण तथा अनुगमनमा पूर्णरुपमा वडालाई जिम्मेवार बनाइनेछ। ,

१५४. अनुमानित लागत तयारी नभएका आयोजना तथा कार्यक्रममा बजेट छुट्याउने कार्यलाई निरुत्साहित गरिएकोछ।

१५५. गाउँपालिकाभित्रका सडकहरु विना अवरोध नियमित रूपमा सञ्चालन गर्नको लागि सडक हेरालुको व्यवस्था गरिनेछ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु,**

१५६. गाउँपालिका भित्रका विभिन्न धार्मिक, संस्कृतिक, मठ मन्दिर, गुम्बा, गुफा, ऐतिहासिक स्थल, सास्कृतिक सम्पदाहरुको पहिचान, संरक्षण, प्रर्वधनका लागि एकीकृत धार्मिक पर्यटनको विकास गर्न सम्भाव्यता अध्ययन तथा पर्यटकीय एकीकृत गुरुयोजना तयार गरिने कार्यको शुरुवात गरिनेछ।

१५७. माझी, तामाङ, नेवार, क्षेत्री, बाहुन, मगर र ह्याल्मो,पहरी लगायतका जातिको भाषा, धर्म, भेषभूषा, चाड पर्व, जनजीवन झल्कने संग्रहालय निर्माण गरी पर्यटक आकर्षित गरिनेछ। यसबाट निश्चित पर्यटन शुल्क लिने व्यवस्था समेत मिलाइनेछ।

१५८. सुनापति पर्यटकीय क्षेत्र साझेदारी कार्यक्रमलाई आ.व. २०८०/०८१मा सम्पन्न गर्न आवश्यक समन्वय गरी कार्य गरिनेछ।

१५९. सुनापति महादेवको मन्दिरलाई प्यागोडा शैलीको तीनतले संरचनामा स्तरोन्नती गर्ने वा महादेवको विशाल मुर्ति निर्माण गर्ने।

१६०. सुनापति गुफामा जाने सिसाको पुल निर्माण गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

१६१. सेभिडाँडामा ५५ फिटको बुद्धको मुर्ति निर्माण गर्ने कार्यालाई अगाडी बढाईनेछ ।

१६२. सुनापति गाउँपालिका वडा नर तेमाल गाउँपालिका जोड्ने गरी साहसिक खेल पर्यटन वन्जी ४.,स्काई रेष्टुरेन्ट समेत सञ्चालन गर्ने झोलुङ्गे पुल निर्माणको लागि निजी लगानी कर्ता भित्र्याई कार्य प्रारम्भ गरिनेछ ।

१६३. हात्तीखोलामा पर्यटकिय ताल निर्माण गरि जलस्रोतको बहुउपयोग गर्ने कार्यको सम्भाव्यता अध्ययन गरिनेछ ।

१६४. सुनापति डाँडाबाट प्याराग्लाईडिङ तथा साहसिक खेल पर्यटन प्रवर्द्धनार्थ स्थानीयहरुलाई तालिम दिलाई रोजगारी अभिवृद्धि गराउने ।

१६५. अल्ट्रा म्याराथुनलाई यस वर्ष पनि निरन्तरता दिईनेछ ।

१६६. सुनापति रंगशाला निर्माण कार्यलाई यथासिघ्र सम्पन्न गरी खेलाडी उत्पादनमा विशेष जोड दिईनेछ ।

१६७. सुनापति गाउँपालिकामा निर्माणाधिन बहुउद्देश्यीय कबर्ड हल सिघ्र सम्न्न गरी खेलकुद विकासमा जोड गरिनेछ ।

१६८. दोभानटार देखि लुभुघाट सम्म जलयात्रा सञ्चालनको लागि स्थानीय माझी समुदायका व्यक्तीलाई तालिम र र्याफ्टिङ उपलब्ध गराई रोजगारी सृजना गरिनुका साथै सहासिक जल पर्यटन कार्यलाई अगाडी बढाईनेछ ।

१६९. सुनापित गाउँपालिकाले निर्माण सम्पन्न गरेका र निर्माणको चरणामा रहेका पर्यटकीय गन्तव्य देर्जे पार्क खैंजेडी , लहरेमाने १०८ ,सुनापति महादेव ,डम्फुडाडा पार्क,पार्क,सेते मछिन्द्रनाथको मुर्ति र आसपासके क्षेत्र खुर्पेटो पार्क , लखपति छ्योर्तेन तथा सुनापति चिया वगान क्षेत्र र विभिन्न पिकनिक स्पर्टहरुलाई एकीकृत रुपमा विकास गरीनेछ र लगानी कर्ताहरुको समन्वयमा होटलरिसोर्ट र फार्महाउस संचालनमा ल्याउन पर्यत्न गरिनेछ , ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु,**

१७०. कानून बमोजिम कृषि ,वचत तथा ऋण, बहुउद्देयीय, पर्यटन र अन्य सहकारी संस्था दर्ता गर्ने प्रकृया अघि बढाइनेछ साथै सहकारीको माध्यमबाट गरिबी न्यूनिकरण हुने हाल सम्मका असल अभ्यासहरुलाई नियमित गरिनेछ।

१७१. वचत तथा ऋण सहकारी संस्थाहरु एकीकृत गरी तीनको अनुगमन, नियमन र सुपरीवेक्षण गरिनेछ ।

१७२. सहकारीको अभिमूखिकरण तथा क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

१७३. राम्रो काम गर्ने सहकारीलाई प्रोत्साहन निष्कृय रहेकालाई सकृय बनाउन सहयोग र अत्यन्तै निष्कृय सहकारीलाई , आवश्यक प्रक्रियाका आधारमा खारेज गर्ने निति लिइनेछ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु,**

१७४. सदाचारयुक्त संस्कृति निर्माण गर्न पालिका तथा वडाहरुबाट प्रदान गरिने सेवा तथा विकास निर्माणका काममा अनिवार्य रुपामा सार्वजनिक सुनुवाई र सार्वजनिक लेखापरीक्षण गरिनेछ ।

१७५. आय र व्ययको स्थिति तत्काल जानकारी पाउन सुत्र प्रणाली मात्र भर पर्ने नभएर हरेक शाखाले आफ्नो हिसाव आफै पनि राख्ने व्यवस्था गरिनेछ।

१७६. पाँच लाख सम्मका योजनाहरुको सम्झौता, कार्यदिशा, अनुगमन, सिफारिस वडाबाट र सो भन्दा बढी पालिकाबाट गर्ने व्यवस्था मिलाइनेछ। सबै प्रकारका योजनाहरुको अनुगमन वडा तथा पालिकाले संयुक्त रुपमा गर्ने व्यवस्था मिलाइनेछ।

१७७. पालिकाभित्र कार्यगर्न आउने गै.स.स. ले अनुमति लिएर मात्र कामकारवाही अगाडि बढाउने व्यवस्था मिलाइनेछ ।साथै पालिकासँग सहकार्य गरेर काम गर्न इच्छुक गैर सहकारी संस्थाहरुको कार्यक्रम पालिकाको वार्षिक कार्यक्रम तथा योजनामा समावेश गरेर मात्र सञ्चालन गराउने व्यवस्था मिलाईने छ।

१७८. गै हरुको कार्यमा दोहोरोपन आउन नदिन प्रभावकारी समन्वय र.स.स.अनुगमन गरिनेछ ।

१७९. कर्मचारीको क्षमता अभिवृद्ध गर्न क्षमता विकास तालिमको व्यवस्था गरिनेछ।

१८०. विगतका वर्षहरुमा कर्मचारीहरुलाई प्रदान गरिदै आएको आवास सुविधा आ.व. २०८०/०८१ बाट कटौती गरिएकोछ ।

१८१. गाँउपालिका केन्द्रमा कार्यरत कर्मचारीहरुलाई उपयुक्त समय मिलाई वर्षमा एक पटक अन्य स्थानीय तह, सरकारी निकायबाट भएका विकास निर्माणको गतिविधि, सार्वजनिक सेवा प्रवाहको अवस्थाको अनुभव हासिल गर्न ७ (सात) दिन सम्मको अवलोकन भ्रमणको व्यवस्था मिलाईने छ।

१८२. कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि गर्न तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी कार्यदक्षता बढाइनेछ।

१८३. कर्मचारीको ज्ञान, सिप तथा क्षमता विकासको लागि विभिन्न तालिम तथा प्रोत्साहनका कार्यक्रमहरु संचालन गरिनेछ।

१८४. हरेक कार्यक्रम र प्रगति बारे चैमासिक रुपमा समिक्षा गर्ने व्यवस्था मिलाईनेछ ।

१८५. गाउँपालिकाको प्रत्येक महिनाको आय व्ययको खर्च सार्वजनिक गर्ने परिपाटी बसालिनेछ ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु,**

१८६. आगामी वर्षदेखि गाउँपालिका सबै कार्यालयहरुमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली लागु गरी कागजको प्रयोग क्रमशः कम गरिदै लगिने नीति अवलम्बन गरिनेछ।

१८७. सार्वजनिक सेवा प्रवाहमा नागरिकको सरल र सहज पहुँच वृद्धि गर्न आधुनिक सूचना प्रविधिको प्रयोग वृद्धि गरिनेछ।

१८८. गाउँपालिकाको तथ्याङ्क अध्यवधिक गर्न डिजिटल डाटा संकलन गरि डिजीटल प्रोफाइल तयारी गरिनेछ ।

१८९. गाउँपालिकाको आवाधिक योजना निर्माण गरिनेछ ।

१९०. गाउँपालिका अन्तर्गतको सबै विद्यालयहरु, स्वास्थ्य चौकीहरु र वडा कार्यालयहरुमा २ वर्षसम्म निःशुल्क ईन्टरनेट सेवा उपलब्ध भएको कुरा सबैलाई जानकार नै छ । सामुदायिक विद्यालयहरुमा समान गुणस्तरको शिक्षा उपलब्ध गराउन सूचना प्रविधिको प्रयोग गरिनेछ।

१९१. गाउँपालिकाबाट विद्यालय स्तरीय र स्वास्थ्य संस्था स्तरीय एकीकृत अभिमुखीकरण कार्यक्रम सञ्चालन गरि नागरिक सुसु-चित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु,**

१९२. यस पालिकाबाट सबै प्रदेश सरकारहरु र संघीय सरकारबीच सहकारिता सहअस्तित्व र समन्वयको सिद्धान्तमा , आधारित रही कार्यहरु सम्पादन गरिनेछ ।

१९३. यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनको निम्ति सङ्घीय सरकार प्रदेश सरकार र सरोकारवाला सबैका सक्रिय सहभागिता र सहयोगको अपेक्षा गरेकोछु।

१९४. अन्त्यमा गरिबीबाट उन्मुक्ति र सुनापतिको" साँस्कृतिक र भौतिक क्षेत्रको दिगो विकास गरि ,सामाजिक ,आर्थिक , समृद्ध गर्न यो नीति तथा कार्यक्रम परिलक्षित रहेको छ।यो नीति तथा कार्यक्रमको कार्यान्वयनमा यस गाउँपालिकालाई सबैबाट पूर्ण सहयोग हुने विश्वास व्यक्त गर्दछु। गाउँसभाका सदस्यज्यूहरु लगायत सबैलाई स्थानीय कानून निर्माण र पालिकाको विकासमा देखाउनु भएको चासो र सुझावका लागि धन्यवाद दिन चाहान्छु। अन्त्यमायस गाउँपालिकाको समग्र विकासमा योगदान पुर्याझउने राजनीतिक दल निजी क्षेत्र र ,राष्ट्रसेवक कर्मचारी , ,नागरिक समाज ,श्रमिक वर्ग ,सामुदायिक क्षेत्रसुनापति गाउँपालिका सचिवालय टिम आमसञ्चार लगायत,सुरक्षाकर्मी सम्पूर्ण दिदी बहिनी तथा दाजुभाईहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। धन्यवाद।